गैर सरकारी संस्था महासंघ नेपाल
बागमती प्रदेश समिति, हेटौडा-२

चलानी नं.

मिती:-२०८०-०६-२४

## बागमती प्रदेश सभाको माननिय सभामुख ज्यू समक्ष पेश गरिएको

## बागमती प्रदेशस्तरीय बृहत् नागरिक सम्मेलन

## हेटौंडा घोषणपत्र: २०८०

राज्य संचालनको विद्यमान अवस्थामा आईपुग्दा देश र आम नागरिकहरुले भोग्नु परेको अवस्था हरुलाई मध्यनजर गर्दै नागरिक आवाज विहिनता को स्थितिलाई सम्बोधन गर्न बागमति प्रदेशका नागरिक अगुवाहरुको उपस्थितिमा उठान भएका विचारहरुलाई मनन गर्दै बागमती प्रदेशको राजधानी हेटौंडामा मिति २०८० आश्विन २१ गते आयोजित बृहत नागरिक सम्मेलनले १३ बुंदे घोषणपत्र हेटौडा: २०८० जारी गर्दछ ।

१. संवैधानिक प्रदत्त अधिकार कुण्ठित गर्दै राज्य संञ्चलनको क्रममा तिनै तहका सरकारले नागरिकको मौलिकहकहरु अझै कुण्ठित गर्ने खालका नीतिनियम तथा कार्यक्रम सञ्चालन गरेको महसुस भएकोले यस प्रक्रियामा बृहत नागरिकहरुको संलग्नता सुनिश्चित गरियोस् ।

२. एकीकृत सामाजिक विकास ऐन नआएको अवस्थामा पञ्चायत कालिन ऐनको आधार बनाइ बिभिन्न बहानामा स्थानीय तह, प्रदेश तह र संघीय तहमा प्रशासनिक संरचनाहरुले नियम, नियमावली तथा निर्देशिका र परिपत्रमार्फत सामाजिक संघसंस्थाको गतिविधिहरुमा अंकुश लगाउने गलत अभ्यासको अन्त्य गरियोस् ।

३. नागरिकको दैनिक जीवनमा प्रत्यक्ष प्रभावपार्ने दैनिक उपभोग्य सामग्रीहरुको बजार भाउ अस्वभाविक रुपमा बढेकोले यो नागरिक सम्मेलन सरकारको गम्भीर ध्यानाकर्षण गराउदै तत्काल बजार भाउ नियन्त्रण गर्न जोड्दार मागगर्दछ ।

४.राज्यले प्रतिवद्धता गरेको दिगो विकास लक्ष्यको कार्यन्वययन लाइ अझ बढि व्यवहारिक तथ ाप्रभावकारी बनाउन यसको स्थानीयकरण गर्न आवश्यक छ र सो का लागि नागरिक संघ संस्थाहरुसँग साझेदारी गर्ने संरचनाको व्यवस्था गर्न तिनै तहका सरकारसँग यो सम्मेलन जोड्दार मागगर्दछ ।

५. विश्वजलवायु परिवर्तनका कारण नेपाल जस्तो हिमाली क्षेत्र रहेको देशमा बढि असर परेको देखिन्छ । बिशेष गरेर बालबालिका, महिला, जेष्ठनागरिक, अल्पसंख्यक, अपाङ्गता भएका समुदाय गरिवीको रेखामुनि रहेको समुदाय बढि प्रभावित भएकोले यसको न्युनिकरणका लागि तिनै तहका सरकार, विकास साँझेदार संस्थाहरु र विश्व समुदायलाई परपर्दो स्रोतको व्यवस्थापन तथाजलवायु अनुकुलन का कार्यक्रम सञ्चालन गर्न यो सम्मेलन जोड्दार माग गर्दछ ।

६. नागरिकका हकअधिकार सुनिश्चित गराउने क्रममा नागरिक संघ संगठनहरुले नागरिकले सञ्चालन गरेका बिभिन्न अधिकार मुखी अभियान तथा आन्दोलनमा सरकारको निर्मम हस्तक्षेप तत्काल बन्द गरियोस् ।

७. नागरिकको हक अधिकार सुनिश्चित गर्दै मौलिकहक को कार्यन्वयनको पक्षमा नीति, नियम र कानून निर्माण गर्दा बालबालिका,युवा,महिला, जेष्ठनागरिक, यौनिक तथा अल्पसंख्यक, अपाङ्गता भएका समुदायको अनिवार्य र अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्न यो सम्मेलन जोड्दार मागगर्दछ ।

८. खाद्यअधिकार तथा खाद्य सम्प्रभुता ऐन २०७५ ले व्यवस्था गरे अनुसार तिनवटै तहमा संरचना निर्माण तत्काल गरी मौलिकहकको तत्तका कार्यन्वयवन गरियोस ।

९ .बिशेष गरी बागमती प्रदेशमा देखिएका बालश्रम,बाध्यकारी स्रम मानव बेचविखन तथा ओसार पसार र कृर्षि बधुवा मजदुर खासगरी आधुनीक दासत्वको घटना तथा लागू औषध ओसार पसार जस्ता बिकृतिको अन्त्य गर्न नागरिक संघ संगठनको सहभागिता र परिचालन सहितबिशेष कार्यक्रम सञ्चालनका लागिप्रदेश सरकारलाई यो सम्मेलन जोड्दार मागगर्दछ ।

१०.नागरिक संघ संगठनका अभियानहरुलाइ संकुचन गर्ने मनसायले बिशेष गरेर स्थानीय तहहरुले संबिधानको भावना विपरित स्वेच्छाचारी कानून बनाइ लागू गरेकोले सो को तत्काल बन्द गरी नागरिक संघ संगठनलाइ एक विकास साँझेदारको रुपमा ग्रहण गर्दै स्थानीय स्रोत साधनमा पहुँचको कानुनी व्यवस्था गर्न यो सम्मेलन जोड्दार मागगर्दछ ।

११. नेपाल बिश्वमा बिपद का हिसावले अति जोखिममा रहेको देश हो र यसको व्यबस्थापन गर्न सबै तहका सरकारहरुले बिशेष गरेर बिपद उत्थानसील समुदाय निर्माण का लागि नीति तथा कार्यकम बनाई स्थानीय तहमा

NGO Federation Of Nepal, Bagmati Province, Hetauda

सामाजिक संघ संस्थाहरु संग सहकार्य तथा साझेदारी गर्न यो सम्मेलन जोड्दार मागगर्दछ ।

१२. सरकारले अदालतले पनि दोसी ठहरयाका अपराधिक मुद्दाहरुमा पनि आफ्नो स्वेच्छाचारी व्यबहार देखाई संबिधानको भावना बिपरीत निर्णय गर्दै पिडकलाई छुटकारा दिदै पिडीत नागरीकलाई थप पीडा दिने जस्ता दण्डहिनता का घटना देखिएकोले यस खालका कार्य तत्काल बन्द गर्न यो सम्मेलन जोड्दार माग गर्दछ ।

१३. नागरीकको चाहाना सामाजिक न्याय सहितको समावेसी समाज निर्माण गर्ने रहेको तर विभिन्न घटनाक्रमले देशमा भ्रस्टचार तथा असमानता झन बढेको महसुस आम नागरीक हरुमा देखिएकोले भ्रस्टचार र दण्डहिनता जस्ता घटनाहरुमा स्वच्छ तथा पारदर्शी रुपमा छानवीन गरी नागरीकहसरुमा सो को सही सूचना दिन यो सम्मेलन जोड्दार माग गर्दछ ।

**धन्यवाद**

..............................

आरती पाठक

अध्यक्ष

गैरसरकारी संस्था महासंघ नेपाल

एवम नागरिक सम्मेलन आयोजप समिती

बागमती प्रदेश समिती हेटौडा

गैर सरकारी संस्था महासंघ, नेपाल
NGO Federation Of Nepal
Bagmati Province, Hetauda
बागमती प्रदेश, हेटौडा